# श्री ५ बडामहारानी

## रत्न राज्यलक्ष्मी देवी शाह सरकारका जुनाफमा

खँड्का भद्रकाली गाउँ पञ्चायत र पद्‌म कन्या कलेजको संयुक्त प्रतिवेदन

प्रकाशकः–

पद्‌म कन्या कलेज

321.6
HMG
2026

# श्री ५ बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह सरकारका जुनाफमा

## खँड्का भद्रकाली गाउँ पञ्चायत र पद्म कन्या कलेजको संयुक्त प्रतिवेदन

राष्ट्रमाता श्री ५ बडामहारानी सरकार,

आजको यो मीठो र रमाइलो दिनलाई विधाताले हाम्रो महान् सौभाग्य दिवसको रूपमा निर्धारित गरेको रहेछ। एककोटि नेपालीलाई वात्सल्यपूर्ण प्रेरणा बक्सने राष्ट्रजननीलाई हामी गाउँमा र पद्म कन्या कलेजमा रहेका सन्तानले आफ्नो राष्ट्रप्रेमका पसीनाले रसिलो र कमलो भएको मार्गबाट सवारी चलाई भक्तिले गद्गद् एवं विनयले नम्र बनेर स्वागत चढाउन पाइरहेछौं। यो ढुङ्गे चौतारो स्थूल दृष्टिबाट मात्र हेर्नेको निम्ति जे जस्तो देखिए पनि जननीको हृदयबाट नजर हुने सरकारको निम्ति अवश्य नै

सुवर्णनिर्मित छ, रत्नजडित छ, कुसुमखचित्त छ । हाम्रो भक्तिको यो चौतारोमा विराजमान अधिराज्ञीको दर्शन गर्दा हाम्रा बाहिरी आँखा हर्षले डबडबाएका छन् भने हाम्रा भित्री आँखा उत्साहले, प्रेरणाले एवं भक्तिले देशको निम्ति काम गर्न चटपटाइरहेका छन् । राष्ट्रिय भावनाले भरिएर गरेको श्रमले अपार आनन्द दिंदो रहेछ भन्ने कुराको प्रत्यक्ष अनुभव हामीलाई भइरहेको छ । राष्ट्र-माता सरकार, अहिलेको यो सुखको घडीमा छोराछोरी सुलभ घृष्टताले प्रेरित भएका हामी आफ्ना कामकुराहरू-स्नेहमयी अधिराज्ञीको समक्ष तोते बोलीमा बिन्ति चढाउँदैछौं ।

सरकार, निम्नलिखित उद्देश्यहरू लिएर कुनै एक गाउँलाई दुइ वर्षभित्रमा आदर्श गाउँमा विकसित पार्ने योजना हामी पद्म कन्या कलेजका सदस्यहरूले बनायौं:—

(१) छात्राहरूलाई हाम्रो गाउँको वास्तविक जीवन र परिस्थिति अवगत गराउने ।

(२) कलेजका प्रत्येक छात्रालाई अनिवार्य रूपमा यस कार्यमा सरीक गराउने ।

(३) उनीहरूलाई श्रमको, आत्मत्यागको र सेवा भावनाको महत्व बुझाउने ।

(४) छात्राहरूमा राष्ट्रप्रेम, नेपाली बन्धुहरूप्रति ममता जगाई राष्ट्रिय विचारधाराको सिर्जना गर्ने ।

(५) शिक्षित र अशिक्षित वर्गको बीचको भेदभाव सकेसम्म कम गर्ने ।

(६) ग्रामीण जनताहरूलाई पञ्चायती व्यवस्था, नेपालको राजसंस्था, वर्गीय संगठन, स्वास्थ्य, शिक्षा, भूमिसुधार आदिको महत्व बुझाउने ।

(७) प्राथमिक स्कूलहरू, प्रौढ कक्षा आदि खोल्ने ।

(८) जनतालाई राष्ट्रको निर्माणमा उनीहरूको योगदानको विषयमा बोध गराई सक्रिय तुल्याउने ।

(९) गाउँका विभिन्न तथ्याङ्कहरू सङ्कलन गर्ने ।

(१०) ग्रामीण बन्धुहरूलाई सहकारिता, सहयोग र सद्भावनाको महत्वमा प्रकाश पार्ने ।

(११) पहिलो वर्षमा जति खर्च भए तापनि दोस्रो वर्षदेखि ग्रामीणलाई बढी सक्षम बनाउने प्रयास गरी ग्रामीण जनताबाट बढी सहयोग लिने ।

(१२) ग्रामीणहरूको आम्दानीका स्रोतहरू बढाउने प्रयत्न गर्ने ।

(१३) छिमेकी गाउँलाई यस्तै कार्यमा आकर्षण गरी बेकारी समस्या सकेसम्म समाधान गर्ने ।

उपर्युक्त उद्देश्यहरू लिएर पद्मकन्या कलेज कुन गाउँमा आफ्नो सेवा केन्द्रित गर्ने भनी केही गाउँ पञ्चायतहरूको निरीक्षण गरी विचार गर्दै थियो । यही बीचमा राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट नेपालको द्रुततर विकासको निमित्त "पञ्चायती व्यवस्थाको गीता" गाउँफर्क राष्ट्रिय अभियान बक्स्यो । यस घोषणाको कलेज परिवारले हर्षित हुँदै स्वागत गर्‍यो र आफ्नो कार्यक्रम पनि उक्त राष्ट्रिय अभियानको अभिन्न अङ्गको रूपमा सञ्चालन गर्ने निधो गर्‍यो ।

स्थानीय जनता तथा पञ्चायतका सदस्यहरूसंग सरसल्लाह गर्दा खँड्का भद्रकाली गाउँमा हात हालेमा लक्ष्य सफल हुने बुझिएकोले २०२४ साल पौष १ गतेको दिनदेखि कलेज परिवार आफ्नो सेवा, सद्भावना र कार्य तत्परताको कोसेली लिएर यो गाउँमा पस्यो । गाउँ फर्क

राष्ट्रिय अभियानको सिलसिलामा बागमती अञ्चल समितिबाट यो गाउँ पञ्चायतलाई समेत आदर्श गाउँ पञ्चायत बनाउने निर्णय भएकोले पद्मकन्या कलेजलाई झन् बढी प्रोत्साहन मिल्यो ।

गाउँमा काम गर्न थालेपछि हाम्रा अगाडि थरि थरि समस्याहरू आए ।

(१) स्वास्थ्य–

(क) बिफर, हैजा, टाइफाइड आदि अनेक प्रकारका सरूवा रोगहरू ।

(ख) शुद्ध पानीको अभाव जसको कारण पेटको रोग ।

(ग) रूघाखोकीको ज्वरो, छाती दुख्ने, मुटु पोल्ने रोगहरू ।

(घ) सफाइसुग्घरको अभावमा रोगको बाहुल्य ।

(ङ) रोगको उपचारको लागि अस्पतालको अभाव

(२) शिक्षा–

(क) शिक्षाप्रति आस्थाको कमी ।

(ख) नारी शिक्षामा अनास्था ।

(ग) प्रौढहरूमा शिक्षाप्रति उदासीनता ।

(घ) आर्थिक समस्याले गर्दा शिक्षामा अप्रवृत्ति ।

(ङ) शिक्षितहरू गाउँमा नबस्नाको कारण शिक्षा प्रचारमा कमी ।

(३) कृषि–

(क) वैज्ञानिक प्रणालीमा कम विश्वास ।

(ख) वैज्ञानिक उपकरणहरूको सबैतिर अप्राप्ति ।

(ग) जमीनको उब्जनी शक्ति बढाउनमा प्रयासको कमी ।

(घ) माटोको गुण अनुसार बालीनाली लगाउने ज्ञानको कमी ।

(ङ) पशुपालनमा र नश्लसुधारमा वैज्ञानिकताको अभाव ।

(४) यातायात–

(क) बाटोघाटोको असुविधा ।

(ख) पक्की सडकको कमी ।

(ग) यातायातकै सुविधा नभएर शिक्षाको कमी ।

(५) स्थानीय पञ्चायत र वर्गीय संगठन–

(क) पञ्चायतको उद्देश्यको सामान्य बोध भए पनि प्रणालीको अज्ञान ।

(ख) यसको अधिकार र दायित्व विषयमा अनभिज्ञता ।

(ग) वर्गीय संगठनको आवश्यकताको बोधको कमी ।

(घ) पञ्चायत र वर्गीय संगठनको परस्पर सापेक्षताको अज्ञान ।

(६) खाने पानी–

(क) धारा आदिको अभाव ।

(ख) कुवा र खोलाको पानीबाट रोगको डर ।

(ग) धेरै जसो सरुवा रोगको संभावना ।

माथिका समस्याहरू समाधान समेत गरेर श्री ५ बाट बक्सेको 'गाउँ फर्क राष्ट्रिय अभियान' को उद्देश्यको प्राप्तिको निमित्त कलेजले गाउँलेहरूको सक्रियतालाई मूल आधार बनाएर काम गर्न थाल्यो । आजसम्म भएका कामहरूको संक्षिप्त विवरण यस प्रकार छः–

तथ्याङ्कः–

२०२४ साल पौष ३ गतेदेखि कलेजले विभिन्न विषय-

को प्रश्न सहितको एक विस्तृत तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कको निचोड निकाल्ने काम गर्‍यो। एक वर्ष अघिको र हालको तथ्याङ्कको तुलनात्मक स्पष्ट चित्र देखाउन यस वर्ष पौष महीनाको पहिलो हप्तामा नै विस्तृत वैज्ञानिक तथ्याङ्क सङ्कलन गरियो। यसको आधारमा तथ्याङ्क विभागको सहयोगबाट तयार पारिएका चार्टहरू पञ्चायत कार्यालयमा प्रदर्शित छन्।

## पञ्चायत

हामी पञ्चहरूको क्रियाशीलतामा 'गाउँफर्क' को सफलता आधारित हुनाले पञ्चहरूलाई विभिन्न विकास योजनाको ज्ञान दिई प्रेरणा दिन पञ्चायतले र कलेजले सक्दो प्रयास गरिआएका छन्। पञ्चहरूका बीच देखा पर्ने साधारण मतभेदलाई कलेजले शान्तिपूर्वक हटाउने सल्लाह दिइआएको छ। कलेजले दिएको सरसल्लाहलाई गाउँले परस्पर फलछल गरी कार्यान्वित गर्दै आएको छ। यसरी हामी दुइ परिवार परस्पर परस्परबाट लाभान्वित भएका छौं।

## वर्गीय संगठन

यस गाउँमा वर्गीय संगठनका सबै प्रारम्भिक समिति-

हरू खोल्ने लक्ष्य अनुसार अहिले नेपाल किसान संगठन, नेपाल महिला संगठन, नेपाल बाल संगठन, नेपाल भूतपूर्व सैनिक संगठनको प्रारम्भिक समितिहरू खुलिसकेका छन्। नेपाल युवक संगठनको प्रारम्भिक समिति पनि खुल्ने भएको छ। संगठन र पञ्चायतका बीच सामञ्जस्य ल्याउन संगठनका सदस्यहरूले र कलेजले हरसम्भव प्रयास गरेका छन्।

## स्वास्थ्य र सरसफाई

गाउँमा २०२४ साल पौष २ गतेदेखि नै हामी सबैको चाहनानुसार नेपाल महिला संगठन काठमाडौं जिल्लाको तर्फबाट स्वीस् प्राविधिक सहायता नियोगको सहयोगमा एक स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिएको छ। सरकार-को ४१ सौं शुभजन्मोत्सवको उपलक्ष्यमा गाउँमा प्रयोगा-त्मक रूपमा स्वास्थ्य बीमाको शुभारम्भ भएको छ। स्वास्थ्य सेवा केन्द्रले नियमित रूपमा हामीहरूको सेवा गर्दै-आएको छ। श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय, स्वीस् प्राविधिक सहायता नियोगले डाक्टर,नर्स तथा औषधिहरू प्रदान गर्दै सहयोग गरिआएको छ। श्री ५ माहिला महा-रानीबाट यो गाउँमा स्वास्थ्य-बीमाको शुभारम्भ गरि-

बक्सँदाको समारोहमा तत्कालीन स्वास्थ्य राज्य मन्त्रीज्यूले स्वास्थ्य सेवा केन्द्रको सञ्चालनको निमित्त सरकारी सहयोग दिने आश्वासन दिनु हुँदा करतल ध्वनिका साथ ठूलो हर्ष प्रकट भएको थियो। बाग्मती अञ्चल विकास कार्य तथा उच्च शिक्षा समितिले यस वर्ष केही आदर्श गाउँ पञ्चायतलाई स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्न सहयोग गर्दा यस गाउँले पनि सहयोग पाउने दरिलो आशा र भरिलो भरोसा लिएका छौं। गाउँले समाजमा स्वास्थ्य र सरसफाइको महत्व बोध गराउँदै हामीले पद्म कन्या कलेजको सहयोगमा समय समयमा सफाई आन्दोलन गरिआएका छौं। गाउँ भरि बिफरको टीका लगाई सकिएको छ। बी. सी. जी. दिने र मास एक्सरे गर्ने काम समाप्त भइसकेको छ। झिङ्गा मार्ने औषधि छर्ने, फोहरमैला हटाउने, आधुनिक चर्पीहरू बनाउने काम भएको छ र हुँदैछ। यसरी गाउँलेहरूमा सफासुग्घर हुने बानी बस्दैआएको छ। स्वास्थ्यसेवा केन्द्रलाई स्वावलम्बी बनाउने हाम्रो योजना अनुसार गाउँकै मानिसहरूलाई स्वास्थ्य सहायक कार्यकर्ता र नर्स (परिसेविकाको) तालीमको निम्ति पठाउने योजना भइरहेको छ। यस योजनामा हामीले सम्बन्धित विभागका

आश्वासनहरू पाएका छौं । समय समयमा गाउँमा स्वास्थ्य सेवा विभागको तर्फबाट वृत्त चित्रको पनि प्रदर्शन हुँदै आएको छ ।

शिक्षा

यस वर्ष कलेजको तत्वावधानमा गाउँमै मनाएको विश्वसाक्षरता दिवसमा हामी प्रत्येकले साक्षर बन्ने प्रतिज्ञा गरेका थियौं । गाउँमा एउटा पनि निरक्षर नरहोस् भन्ने उद्देश्यले हामीले कलेजको सहयोगमा व्यापक रूपमा साक्षरता अभियान शुरु गरेका छौं । गाउँमा शुरु भएको यस साक्षरता अभियानमा कलेज परिवारले विशेष जोड दिइआएको छ । कलेजका छात्राहरूले हिउँदको छुट्टीमा र अरू बेला बेलामा दिउँसो बालबालिकाहरूलाई शिक्षा दिनु भएको छ । उहाँहरूले बेलुका बेलुका वडावडामा जानु भई महिला तथा पुरुष प्रौढहरूलाई पढाउनु भएको छ । नवै वडामा बेग्ला बेग्लै पुरुष तथा महिला प्रौढ शिक्षा कक्षाहरू खोलिएका छन् । गाउँकै शिक्षक शिक्षिकाहरूले पनि यसमा सक्रिय सहयोग गरिरहनु भएको छ । साक्षरता अभियानलाई बढी प्रभावकारी तुल्याउन बाल कक्षा, पुरुष प्रौढ कक्षा, महिला प्रौढ कक्षा गरी तीन बिभिन्न

कक्षाहरूमा वर्गीकरण गरी शिक्षा दिने काम भएको छ। प्रत्येक घरको दैलो दैलोमा गई यस वर्षको हिउँदको छुट्टीमा छात्राहरूले दिउँसो पनि प्रौढ कक्षाहरू व्यापक रूपमा चलाउनु भयो। शिक्षातर्फ विशेष अभिरुचि बढाउन पुस्तक, कलम, कापी सिलौट आदि निःशुल्क वितरण गरिएको छ। प्रौढहरूको दिलचस्पी देखेर राष्ट्रिय पञ्चायतका भूतपूर्व उपाध्यक्ष श्रीजयप्रकाशले आफ्नै तर्फबाट १००।– रूपैयाँ चन्दा दिनु भयो। शिक्षा मन्त्रालय प्रौढ शिक्षा शाखाले प्रशस्त चाख लिई सेवा गरेको छ। प्रौढ शिक्षा शाखाको तर्फबाट विभिन्न मन्त्रालयका विशेषज्ञद्वारा गाउँका शिक्षक, शिक्षिकाहरूलाई तालीम दिने काम पनि भएको छ।

## बाल शिक्षा

गाउँका केटाकेटीको संख्या जनसंख्याको एक चौथाई हुनाले उनीहरूको जीवन गोठाला र खेलातामा मै मात्र सीमित नहोस् भन्ने उद्देश्यले हामीले कलेजको सहयोगले प्रभावकारी ढङ्गले बाल शिक्षाको व्यवस्था गर्दै आएका छौं। गाउँमा श्री ५ को सरकारको अनुदानबाट सञ्चालित एउटा प्राथमिक पाठशाला छ। यस चौतारोसंगै रहेको

एउटा पाटीमा उक्त पाठशालाको अध्यापन कार्य भइरहेको थियो । कलेजले गाउँमा प्रवेश गरे पछि गाउँघरको आँगनले पाठशालाको रूप लियो । नवै वडामा यसरी शिक्षा कक्षाहरू सञ्चालित भए । पाठ-शालाको निम्ति एउटा स्थायी भवन थिएन । भद्रकालीको पवित्र स्थलमा रहेका धर्मशालाहरूलाई पवित्र विद्या मन्दिरमा परिणत गर्ने सबैको सल्लाह भएकोले हामी सबै दाताकहाँ भिक्षा माग्न गयौं । दाताले पनि हृदय खोलेर धर्मशालालाई विद्या मन्दिर बनाउने पवित्र उद्देश्य राखी ५०००।– रूपैयाँ नगद र धर्मशाला स्कूललाई अर्पण गर्ने वचन दिनु भएको थियो । दाता श्रीमती शिवप्रताप शम्शेर थापा सरकारकै समक्ष पद्मकन्या कलेज विद्यार्थी संगठनको जिम्मामा उक्त रकम प्रदान गर्दै हुनु हुन्छ ।

कृषि

कृषि विकासका लागि रासायनिक मल, असल बीउ, आधुनिक कृषि औजार बारे हामीहरूले सबैलाई ज्ञान दिंदै आएकाछौं । गाउँमा नयाँ वैज्ञानिक हलोको प्रदर्शन गरियो मलका खाडलहरू खनिए । एमोनियम सल्फेट, पोटास जस्ता रासायनिक मलहरू लगाइए । माटोको जाँच गर्ने काम

भयो । उन्नत धान, उन्नत गहुँ लगाइए । यस वर्ष नयाँ उन्नत मकैको खेती हुँदैछ ।

## पशुपालन

भैंसीहरूमा मुरा जातिको उन्नत राँगाबाट नश्ल सुधार भइरहेको छ । कुखुरा पालनमा पनि बृद्धि भइरहेको छ । वडा नं. ६ र ३ मा बनाइएको माछापोखरीमा माछा पाल्ने काम भएको छ ।

## बागवानी

गाउँले बन्धुहरूमा बिरूवा र फलफूल लगाउँदा हुने फाइदा अवगत गराइएको छ । ठाउँ ठाउँमा फलफूलको बिरूवाहरू लगाइँदै छन् । कृषिको विकासका लागि प्राविधिक सहयोग गर्न कृषि विशेषज्ञको सल्लाह उपलब्ध गराइएको छ । प्याज, आलु, लसुन र फलफूलको बीज र बोट वितरण गरिंदैछ ।

## सिंचाई

गत वर्ष १ नं. देखि ८ नं वडा र १ नं. देखि ४ नं वडासम्म कुलो बनाउने योजना हामीले गरेका थियौं । सम्बन्धित विभागको तर्फबाट यसको सर्भे पनि समाप्त हुँदैछ ।

पुरानो राजकुलोबाट यो आवश्यकता पूरा हुने आशा राख्न सकिन्छ । यो गाउँ पञ्चायत लगायत अरू चपलीगाउँ पञ्चायत, विष्णु गाउँ पञ्चायत, चण्डेश्वरी गाउँ पञ्चायत गरी जम्मा ४।५ गाउँ पञ्चायतका करीब ५०।६० हज्जार रोपनी जमीन पटनी हुने गरी विष्णुमतीमा बाँध बनाउने योजना हामी सबैले बनाएका छौं । सम्बन्धित विभागका इञ्जिनीयरले बाँध बाँध्ने ठाउँको निरीक्षण गरिसक्नु भएको छ ।

## उद्योग

गाउँमा कपडा बुन्ने, कागज़ बनाउने काष्ठ कार्य आदि उद्योगको निकासा गर्ने लक्ष्य हामीले राखेका छौं । यस मध्ये अहिले कपडा बुन्ने उद्योगको शुरु हुँदैछ । लुगा सिउने, मोजा बुन्ने, स्वीटर बुन्ने जस्ता कुटीर उद्योगहरूको विकास गरिंदैछ ।

## सहकारी संस्था

हामीले कलेजको सहयोगले शुरुदेखि नै गाउँले बन्धु-हरूलाई सहकारिताको महत्व बोध गराउँदैछौं । प्रायः सबैले सहकारिताको सही अर्थ बुझिसक्नुभएको छ ।

अहिले यस गाउँमा खँड्का भद्रकाली आदर्श बहुमुखी सहकारी संस्थाको स्थापना भइसकेको छ । सहकारी संस्थाकै तर्फबाट रासायनिक मलको वितरण हुन्छ ।

## साझा भण्डार

सहकारी संस्थाकै सञ्चालनमा गाउँमा साझा भंडारको पनि स्थापना भएको छ । यसले यस गाउँको आवश्यकतालाई विस्तार विस्तारै पुऱ्याउने लक्ष्य राखेको छ ।

## अतिरिक्त हुलाक

श्री ५ को सरकार हुलाक विभागको सहयोगमा गाउँमा एक अतिरिक्त हुलाकको स्थापना भएको छ । यस हुलाकले टोखा वरिपरिका क्षेत्रका जनताको रजिष्टरी, का. स. आदि चलाउने काम गर्दैआएको छ । करीब ४।५ पञ्चायतलाई यसबाट लाभ भएको देखिएको छ ।

## पिउने पानी

३ नं. र ६ नं. वडामा मात्र कलधारा भएकोले अरू वडाका जनतालाई पिउने पानीको ठूलो समस्या भइरहेको थियो । २ नं. वडाका जनताको खाने पानीको कुवा निकै धमिलो भएको र गर्मीको याममा पानी पनि सुक्ने हुनाले

खाने पानीको ठूलो समस्या थियो । यसैले सबै वडाहरूमा पिउने पानीको व्यवस्था गर्न हामीले काम गर्‍यौं । १, ४ र ५ मा नयाँ कलधारा जडान भइसकेका छन् । धारा जडान गर्न नेपाल महिला संगठन काठमाडौं जिल्लाले २,९६० फीट पाइप उधारो दिएको छ । श्री ५ को सरकारको सम्बन्धित विभागले २ ७, र ८ मा नयाँ धाराको निकासी दिंदैछ । धारा र कुवा बनाई एउटा चिनो राख्न पद्म कन्या कलेजका प्राध्यापक, प्राध्यापिका तथा छात्राहरूले आफै चन्दा उठाइरहेका छन् ।

## निर्माण

गाउँमा निर्माण कार्यमा शीघ्रता ल्याउन पञ्चायतका सदस्य, गाउँका प्राविधिज्ञ तथा अन्य व्यक्तिहरू भएको एक निर्माण समितिले पोहोरदेखि नै काम गरिरहेको छ । यसमा कलेजका प्राध्यापकहरू सल्लाहकारको रूपमा रहेका छन्। मूल सडक हात्तीगौंडादेखि विष्णुपञ्चायतको सीमाना विष्णुमतीसम्म करीब पूर्व–पश्चिम लामो १६ फुट चौडा कच्ची बाटोको र मूल सडकदेखि वडा नं. ६ दथु गाउँसम्म मोटर जाने कच्ची बाटोको समेत निर्माण भइसकेको छ । वडा वडा जोड्ने ६ फुटे बाटाहरू बनिसकेका

छन् । हात्तीगौंडादेखि विष्णुमतीसम्मको बाटोको नाम आदर्शपथ राखिएको छ । पोहोरको वर्षाले यो बाटो ठाउँ ठाउँमा बिग्रेको छ, बूलडोजर आदिद्वारा मर्मत गर्नुपर्ने भएको छ । बाटो बनाउँदा ठाउँ ठाउँमा निकासका लागि ८" गोलाई भएका पुरानो पाइप प्रयोग गरिएका छन् ।

बाटो खन्ने, फराकिलो पार्ने आदि विषयमा उठेका शंका उपशंकाहरू हामीले पञ्च र कलेजको सहयोगले हटायौं । बाटो बनाउन र यसलाई सम्याउन गाउँका दाजु-भाइहरू, कलेज परिवार, श्री ५ को सरकारको छापाखाना, गोरखापत्र कर्पोरेशनका कर्मचारीहरूले पर्याप्त सहयोग गर्नु भएकोछ । यसमा अरू धेरै काम बाँकी छन् । यो बाटो पक्की भएमा पछिसम्म पनि रहने आशा छ, बाटाका किनारमा अहिले रुख लगाउने काम हुँदैछ ।

निर्देशन बमोजिम २ तले पञ्चायत भवन, साझा पसल, साझा भण्डार, घरेलु भवन बनिसकेका छन् । श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयको तर्फबाट रू. २५००।– आर्थिक सहायता प्राप्त भएको छ । प्रमुख अञ्चलाधीशज्यू श्री विष्णुमणि आचार्यले अञ्चलाधीश कार्यालयको तर्फबाट प्रदान गर्नु भएको एक हजार रूपैयाँ-

बाट अतिरिक्त हुलाक भवन बनाउने कार्य जारी छ। ३ नं. वडाभित्र पर्ने यो ठाउँ पञ्चायतको सदर मुकाम बनेको छ। यसलाई सुन्दर बनाउने हाम्रो योजना छ। यही सिलसिलामा केही दिन अघि मुख्य अञ्चलाधीशज्यूले गर्नु भएको अनुरोधलाई तत्कालै स्वीकार गरी स्वर्गीय श्री ... ... ... ... ... ... ... ... ... ... ... ले आफ्नै करेसाको जग्गा समेत पञ्चायतलाई टक्र्याउनु भयो। केही दिनपछि उहाँ दिवंगत हुनु भयो तर उहाँको कीर्ति अमर बनेको छ।

स्वास्थ्य सेवा केन्द्रको भवन बनाउने हाम्रो लक्ष्य छ र हाल बनाउन पाएका छैनौं।

बाल उद्यान

५ नं. र ६ नं. वडाको बीचमा परेको चौरमा एक सुन्दर बाल उद्यान बनाउने योजना स्वीकृत भइसकेको छ। चाँडै नै निर्माणको काम भएमा गाउँको सर्वाङ्गीण विकास गर्नमा अझ टेवा मिल्न जानेछ।

प्रचार र प्रसार

लोक साहित्य र संस्कृतिमा अभिरूचि बढाउन दृश्य र सूच्य साधनद्वारा सबैको चेतना बढाउने लक्ष्य हामीले

राख्यौं। यसै सिलसिलामा हामीले राष्ट्रिय पर्व र धार्मिक चाडहरूमनाउने गरिआएका छौं। साहित्यिक एवं साँस्कृतिक कार्यक्रमहरू सञ्चालन गरेका छौं। 'गाउँ फर्क' राष्ट्रिय अभियानको उपयोगिता बारे प्रवचन, तत्सम्बन्धी पुस्तक-पुस्तिका वितरण, कृषि, स्वास्थ्य भूमिसुधार, शिक्षा, परिवार नियोजन आदि श्री ५ को सरकारको विभिन्न जनकल्याणकारी कार्यहरू सम्बन्धी पुस्तक-पुस्तिका वितरण गर्ने र तिनको व्याख्या गरिदिने काम हामीले गरेका छौं। गाउँमा एउटा वाचनालय खोल्ने हाम्रो उद्देश्य छ, तर खोल्न पाएका छैनौं। यसै गरी दृश्य साधनहरूको निम्ति "आमा" जस्ता चलचित्र स्वास्थ्य सरसफाइ आदि सम्बन्धी विभिन्न वृत्त चित्र हामीले देखाएका छौं। गाउँमा कलेज परिवार तथा ग्रामीण बन्धुहरू मिली गरेको निर्माण कार्यहरूबाट अरूलाई प्रेरणा होस् भन्ने उद्देश्यले श्री ५ को सरकार, प्रसार तथा सूचना विभागले एक वृत्त चित्र सुटिंग गरेको थियो तर,उक्त वृत्त चित्र पूरा गरी जन समक्ष ल्याउन बाँकी नै छ। समय समयमा नैतिक प्रवचन दिने काम भएको छ। गाउँमा कुनै पनि कार्यको शुरुमा राष्ट्रिय गान गाउने बानी बसेको छ। राष्ट्रिय विभूति र राष्ट्रिय

चिन्हहरूमा श्रद्धा, दैनिक कार्यमा नेपाली वस्तुहरू प्रयोग गर्ने बानी बसाल्ने लक्ष्य पनि हामीले राखेका छौं । स्वदेश तथा विदेशका विभिन्न गतिविधिहरूबाट अवगत गराउन श्री ५ को सरकार, प्रसार मन्त्रालयको तर्फबाट रेडियो श्रवण केन्द्र खोलिएको छ । गोरखापत्र कर्पोरेशनको तर्फटबा निःशुल्क गोरखापत्रको प्रदान भएको छ ।

## परस्परमा सहयोग र सहायता

गाउँको र कलेजको पारस्परिक सम्बन्ध एक किसिमले पारिवारिक बनेको छ । गाउँ कलेजलाई परेको बेलामा मद्दत गर्छ, कलेज गाउँलाई सहायता गर्छ । बास नभएर लालाबाला समेत बिचल्लीमा परिरहेकी एउटी गाउँले दिदीलाई गाउँको सिफारिशलाई समेत महत्व दिएर कलेजले घर बनाउनको निमित्त आर्थिक सहायता टक्र्यायो, गाउँले श्रमको मद्दत दियो । सरकार यस्तो किसिमको हेलमेलले हामीलाई चौपट्टै चौपट्टै आनन्द दिएको छ ।

## प्रेरणा, प्रोत्साहन र सहयोग

यस गाउँलाई आदर्श गाउँ बनाउने सन्दर्भमा पञ्च तथा जनसाधारणलाई प्रेरणा दिने उद्देश्यले श्री ५ माहिला

महारानी सरकारबाट गाउँमा स्वास्थ्य बीमाको उद्घाटन गरिबक्सियो । माननीय प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका माननीय उपाध्यक्ष, राजसभाका सम्माननीय सदस्या राष्ट्रिय पञ्चायतका माननीय सदस्य,श्री ५ को सरकारका विभिन्न मन्त्रालय तथा विभागका एवं कर्पोरेशनका अधिकारीहरू, विभिन्न संघ संस्थाका सदस्यहरू, जनप्रतिनिधिहरूले र गाउँ सेवामा मन राख्ने व्यक्तिहरूले हामीलाई आफ्-आफ्ना क्षेत्रबाट आ-आफ्ना ढङ्गले सहयोग गर्नु भएको छ ।

सरकार, गाउँमा भएका र हुने कामहरूको एक झलक प्रस्तुत गरेका हौं । जे जति गर्न पायौं तिनमा सन्तोष र जे जति भए तिनमा असन्तोष हामीले लिएका छौं । गाउँको वर्तमान स्वरूप सरकारको समक्ष छ, पहिलेको स्वरूप सम्झाउनु अहिले उचित भएन । श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवको नेतृत्वमा हामी झन् झन् उज्यालोतिर बढिरहेका छौं । हामी नेपालीमा शक्ति छ, सरकारको प्रेरणाले त्यसको मूल फुट्दैछ, भंङ्गालाहरू खुल्दैछन् । राजाको र प्रजाको एकै होस्टे र हैंसेको यो शुभ-युग छ । हामीले सेवामा दुःख मानेका छैनौं, भएको दुःख-

लाई सरकारको शु सवारीले हटाएर हामीलाई झन् ताजा बनाएको छ । महाकवि कालिदासले ठीक भनेका रहेछन्– "क्लेशः फलेन हि पुन नंबतां बिधन्ते" । सरकार, हाम्रो दुइ वर्षे योजना पूरा हुन अझै आठ महीना सग्लै बाँकी छन्, हामी गर्दछौं, गरेकोमा प्रेरणा भूलमा क्षमा, अज्ञानमा शिक्षा र अलमलमा निर्देशन पाइरहने भरोसा लिएका छौं । राष्ट्रमाता प्रभू, सँधै निगाह पाइरहेकै छौं, आज यत्रो तकलिफ उठाइबक्सी पदरजले यो गाउँलाई पवित्र पारिबक्सने निगाह भएकोमा हामीले चढाए जत्ति जम्मै कृतज्ञता प्रकट गर्न शब्द मात्रै असमर्थ भएको छैन र हाम्रा समस्त बाहिरी इन्द्रिय तथा भित्री हृदयले समेत कृतज्ञता चढाइरहेछन् । प्रभु, यिनको मौन भाषा बुझ्ने शक्ति शक्तिमयी राष्ट्रमातामा नै छ ।

सरकारको भक्त राष्ट्रका प्रेमी
खँड्का भद्रकाली गाउँमा र
पद्म कन्या कलेजमा रहेका
सन्तान

का. मु. प्रधानपञ्च श्री चिरी महर्जन, प्रि. अंगूरबाबा जोशी
२०२६ साल वैशाख २ गते सोमवार शुभम् ।

मुद्रकः– श्री ५ को सरकारको छापाखाना ।